# नेपाल आर्थिक पत्रकार संघ
# Nepalese Association of Financial Journalists (NAFIJ)
## को विधान
## २०६६

**प्रस्तावना :**

नेपालको सामाजिक-आर्थिक क्षेत्रको दिगो विकास गरी जनताको जीवनस्तर उत्थान गर्न आमसञ्चारमाध्यम र पत्रकारिताले महत्वपूर्ण भूमिका खेल्ने हुँदा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा सक्रिय रुपमा वित्तीय एवं आर्थिक पत्रकारिता गर्ने श्रमजीवी पत्रकारहरुलाई संगठित गर्ने साझा संगठन आवश्यक भएकाले 'नेपाल आर्थिक पत्रकार संघ' गठन गरिएको छ।
नेपालको आर्थिक क्षेत्रको समग्र समस्या र जनताको जीवनस्तर माथि उठाउनमा विद्यमान बाधा अवरोधहरुलाई उजागर गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रको ध्यानाकर्षण गर्न र आर्थिक पत्रकारिता पेशामा संलग्न नेपाली पत्रकारहरुको हकहित, प्रेस स्वतन्त्रता र अधिकार सुनिश्चित गर्न 'नेपाल आर्थिक पत्रकार संघ'को विधान २०६६ पहिलोपटक लागू गरिएको छ।

### परिच्छेद -१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस विधानको नाम नेपाल आर्थिक पत्रकार संघको विधान २०६६ रहेको छ।

(ख) यस संस्थालाई नेपालीमा 'नेपाल आर्थिक पत्रकार संघ र अंग्रेजीमा 'Nepalese Association of Financial Journalists' भनिनेछ तथा छोटकरीमा (NAFIJ) भनिनेछ।

(ग) यो विधान नेपाल आर्थिक पत्रकार संघका सदस्यहरुलाई लागु हुनेछ।

(घ) यो विधान संस्था दर्ता भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

(क) 'विधान' भन्नाले नेपाल आर्थिक पत्रकार संघंको विधान २०६६ लाई जनाउँछ।

(ख) 'आर्थिक पत्रकार' भन्नाले सूचना विभागले प्रदान गरेको सदस्यता प्राप्त गरी वा त्यो संस्थाको सदस्यता प्राप्त नभएपनि निरन्तर रुपमा आर्थिक क्षेत्रसँग सम्बन्धित विषयमा कुनै पनि प्रकृतिका आमसञ्चार माध्यममा प्रकाशन, प्रसारण, अनुसन्धान वा सूचना सम्प्रेषणको काममा कार्यरत रहेका श्रमजीवी व्यक्तिहरुलाई जनाउँछ।

(ग) 'आर्थिक क्षेत्र' भन्नाले कृषि, सहकारी, व्यापार, व्यवसाय, उद्योगधन्दा, श्रम, वैदेशिक रोजगार, बैकिङ, बीमा, लघुउद्यम, धितोपत्र, पर्यटन, उर्जा, जलस्रोत, सूचना प्रविधि, बौद्धिक सम्पति लगायत अन्य प्रचलित कानून बमोजिम आर्थिक उपार्जनका लागि क्रियाकलाप हुने विषय वा क्षेत्रलाई जनाउँछ।

(घ) 'संघ' भन्नाले यस विधानको माध्यमबाट गठन गरिएको नेपाल आर्थिक पत्रकार संघलाई जनाउँछ।

(ङ)'सदस्य' भन्नाले विधानको दफा ६ बमोजिमको सदस्यता प्राप्त गरेका व्यक्तिलाई जनाउँछ।

(च) 'केन्द्रीय कार्यसमिति' भन्नाले विधानको दफा बमोजिमको संघको केन्द्रीय कार्यसमितिलाई जानाउँछ।

(छ) 'तोकेबमोजिम वा तोकिएबमोजिम' भन्नाले यस विधानमा उल्लेख भएको हकमा सोही बमोजिम र उल्लेख नभएको खण्डमा केन्द्रीय कार्यसमितिले तोकेबमोजिम सम्झनुपर्छ।

(ज) 'महासभा' भन्नले विधानको दफा १२ बमोजिमको महासभालाई जनाउँछ।

(झ) 'विशेष महासभा' भन्नाले विधानको दफा १२ उपदफा १२.१ खण्ड ख बमाजिम बोलाइएको विशेष महासभालाई जनाउँछ ।

(ञ) 'संस्थापक सदस्य' भन्नाले संघ गठनका क्रममा पहिलो वा दोस्रो भेलामा भेला भई दस्तखत गर्ने व्यक्तिलाई बुझाउँछ ।

(ट) 'पदाधिकारी' भन्नाले संघको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, सहसचिव र कोषाध्यक्षलाई जनाउँदछ ।

३.छाप र प्रतीक

संस्थाको आफ्नो छुट्टै छाप र प्रतीक विधानको अनुसूची-१ मा उल्लेख गरिए बमोजिमको ढाँचामा हुनेछ ।

४.कार्यक्षेत्र र केन्द्रीय कार्यालय

यस संघको कार्यक्षेत्र संघीय गणतन्त्र नेपाल राज्यभर तथा केन्द्रीय कार्यालय काठमाडौं जिल्लाको वडा नम्बर ३२ अनामनगर वा संघको केन्द्रीय कार्यसमितिले तोकेबमोजिमको स्थानमा रहनेछ ।

## परिच्छेद २

### उद्देश्य

५. संघको उद्देश्य:

संघको उद्देश्य देहायबमोजिम रहनेछन् :

(क) नेपालका श्रमजीवी आर्थिक पत्रकारहरुलाई संगठित गरी नेतृत्व प्रदान गर्दै उनीहरुको हकहित र प्रेस स्वतन्त्रता संरक्षण, सम्बर्द्धन र प्रवर्धनका निम्ति सक्रिय रहने ।

(ख) श्रमजीवी आर्थिक पत्रकारहरुको सीप, क्षमता र दक्षता अभिवृद्धि तथा श्रम र पेशागत अधिकारका निमित्त आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ग) देशको सामाजिक आर्थिक क्षेत्रको दिगो विकास गरी जनताको जीवनस्तरलाई माथि उठाउन आर्थिक र विकास पत्रकारितालाई प्रोत्साहन गर्ने ।

(घ) ग्रामीण विकास र वातावरणमैत्री, रोजगारमूलक,वैज्ञानिक औद्योगीकरणमार्फत् देशको स्वाधीन अर्थतन्त्र निर्माण गर्न आर्थिक पत्रकारिताको माध्यमबाट सहयोग गर्ने ।

(ङ) राष्ट्रिय पूँजीको संरक्षण, सम्वर्द्धन र विकासका लागि आर्थिक पत्रकारिताको माध्यमबाट सक्रिय रहने ।

(च) आर्थिक क्षेत्रसँग सम्बन्धित विषयहरुमा बैठक, भेला, सभा, सम्मेलन, गोष्ठी, अन्तर्क्रिया, तालिम, प्रशिक्षण, सार्वजनिक बहस लगायत अन्य रचनात्मक गतिविधि सञ्चालन गर्ने ।

(छ) आर्थिक क्षेत्रको प्रवर्द्धन र विकासका लागि समाचारपत्र, पत्रपत्रिका, रेडियो ,टेलिभिजन, इन्टरनेट अनलाइन लगायत आम सञ्चार माध्यमहरु आवश्यकता अनुसार प्रचलित कानून बमोजिम सञ्चालन गर्ने वा विद्यमान आमसञ्चारका माध्यम मार्फत् समाचार, सूचना वा अन्य जानकारीमूलक सामाग्री उत्पादन गरी सुसूचित गर्ने ।

( ज ) आम जनता, उपभोक्ता, सहकारी, निजी क्षेत्र, विज्ञ , नीति निर्माता ल्गायत सबै सरोकारवालाहरुबीच समन्वय गराई आर्थिक क्षेत्रको समग्र हितका लागि क्रियाशील रहने ।

(झ) आर्थिक क्षेत्रका विविध पक्षहरूमा अध्ययन ,अनुसन्धान गरी प्रतिवेदनमार्फत् सरोकारवालाहरुलाई सुझाव र परामर्श प्रदान गर्ने ।

(ञ) आर्थिक तथा सूचना सञ्चारका क्षेत्रसँग सम्बन्धित अन्य सेवाहरु आवश्यकता अनुसार उपलब्ध गराउने ।

(ट) अल्पविकसित, अविकसित तेश्रो विश्वका राष्ट्रहरु तथा विशिष्ट भूधरातलीय अवस्थाका मुलुकहरुलाई संयुक्त राष्ट्रसंघ लगायतका विश्वव्यापी संघसंस्थाबाट प्राप्त विशेष प्राथमिकता र आर्थिक अधिकारको सम्बर्द्धन र प्रवर्द्धन गर्न सक्रिय रहने ।

(ठ) इन्टरनेट र डिजिटल प्रविधिको विकाससँगै सुरु भएको ई-कमर्शलाई नेपालजस्ता विकासशील तथा अल्पविकसित मुलुकका जनताको हीतमा सदुपयोग गर्न तथा तेश्रो विश्वका मुलुकहरुलाई थप आर्थिक भार पार्ने खालका सन्तुलनविहिन अन्तर्राष्ट्रिय परिपाटी र तिनलाई संस्थागत गर्ने विश्वव्यापी संघसंस्थाहरुको भूमिकालाई सन्तुलित गर्नका लागि संगठित पहल गर्ने ।

(ड) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय र सहयोग आदानप्रदान गर्ने ।

## परिच्छेद ३
### सदस्यता

६.सदस्यको प्रकारः
संघमा साधारण, संस्थापक, संस्थागत, मानार्थ र आजीवन सदस्य गरी पाँच प्रकारका सदस्य रहनेछन् ।

(६.१) साधारण सदस्य : नेपाल आर्थिक पत्रकार संघको विधानमा उल्लेखित उद्देश्यप्रति सहमत भई विधानको दफा ७ बमोजिम योग्यता पुगेका आर्थिक पत्रकारले विधानको दफा ८ बमोजिम तोकिएको विधि अन्तर्गत रही आवेदन दिएमा निजलाई संघको साधारण सदस्यता प्रदान गर्न सकिनेछ । साधारण सदस्यलाई मताधिकार हुनेछ ।

(६.२) संस्थापक सदस्य : संघ गठन गर्ने क्रममा भेला भएका सहभागीहरु तथा संस्था दर्ता गर्दा रहेका तदर्थ कार्यसमितिका सम्पूर्ण पदाधिकारीहरु पनि संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरुले साधारण सदस्यता लिएर विधानको दफा ९ बमोजिम शुल्क तिर्नुपर्नेछ । संस्थापक सदस्यहरुलाई केन्द्रीय कार्यसमितिमा नरहेको अवस्थामा पर्यवेक्षकका मानिनेछ र विशेष परिस्थितिमा केन्द्रीय कार्यसमितिले पर्यवेक्षकहरुलाई बैठकमा आमन्त्रण गर्नसक्नेछ । तर केन्द्रीय कार्यसमितिको निर्णयका लागि मतदान गर्नुपर्ने स्थिति आएमा पर्यवेक्षकलाई मताधिकार भने रहनेछैन ।

(६.३) संस्थागत सदस्य : प्रचलित कानून बमोजिम दर्ता भई आर्थिक पत्रकारितासँग सम्बन्धित विधागत क्षेत्रमा क्रियाशील संघसंस्थाहरुलाई केन्द्रीय कार्यसमितिले संघको संस्थागत सदस्यता दिन सक्नेछ । तर यस्ता संस्थाहरुमा आर्थिक क्षेत्रसँग सम्बन्धित पत्रकारिता गरिरहेका सदस्यहरु मात्र संदस्य रहेको हुनुपर्दछ । संस्थागत सदस्यता प्राप्त गरेको संस्थाका बढीमा ३ जना सदस्यहरुलाई मात्रै साधारण सदस्यता दिइनेछ तर संस्थागत सदस्यता सकिएको अवस्थामा सम्बन्धित संस्थाका सदस्यहरुको यस संघबाट प्राप्त साधारण सदस्यताको अवधि पनि स्वतः समाप्त हुनेछ । संस्थागत सदस्यका प्रतिनिधि साधारण सदस्यहरुलाई पनि मताधिकार रहन्छ ।

(६.४) मानार्थ सदस्यः आर्थिक क्षेत्रको उत्थानका लागि विशिष्ट योगदान पुर्‍याउने कुनै पनि स्वदेशी वा विदेशी नागरिक, संस्था वा आर्थिक क्षेत्रका प्रतिष्ठित निकायमा रही सूचना सम्प्रेषणको क्षेत्रमा क्रियाशील व्यक्तिहरुलाई संघको केन्द्रीय कार्यसमितिले सम्मानपूर्वक संघको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ  तर मानार्थ सदस्यहरुको मताधिकार भने हुनेछैन ।

(६.५) आजीवन सदस्य : आर्थिक क्षेत्रको उत्थान र प्रवर्द्धनका लागि क्रियाशील व्यक्तिहरुले विधानको दफा ९ बमोजिम तोकिएको शुल्क बुझाई दफा ८ बमोजिम तोकिएको प्रक्रिया अन्तर्गत रही आवेदन दिएमा निजलाई संघको आजीवन सदस्यता प्रदान गर्न सकिनेछ । आजीवन सदस्यलाई मताधिकार रहेपनि केन्द्रीय कार्यसमितिमा रही काम गर्ने अधिकार रहनेछैन ।

७ सदस्यताको योग्यताः
देहायका प्रारम्भिक, शैक्षिक र पेशागत योग्यता प्राप्त व्यक्तिहरु आवश्यक प्रक्रिया पूरा गरी संघको साधारण सदस्य हुन सक्नेछन् ।

७.१ प्रारम्भिक योग्यता
(क) नेपाली नागरिकता भएको ।
(ख) १८ वर्ष उमेर पूरा भएको ।
(ग) मानसिक सन्तुलन ठीक भएको ।
(घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरिएको ।
(ङ) नैतिक पतन देखिने फौजदारी अपराध र भ्रष्टाचारको अभियोगमा सजाय नपाएको ।
(च) संघसँग ठेक्कापट्टा वा चल अचल सम्पत्तिसम्बन्धी व्यवहारमा कुनै निजी स्वार्थ नभएको ।

७.२ शैक्षिक एवं पेशागत योग्यता
(क) पत्रकारिता, अर्थशास्त्र वा व्यवस्थापन विषयमा स्नातक तह वा सो सरह उतीर्ण गरी कम्तीमा ६ महिनादेखि आर्थिक पत्रकारिता गर्दै आएको व्यक्ति वा,
(ख) जुनसुकै विषयमा स्नातक तह वा सो सरह उतीर्ण गरी कम्तीमा १ वर्षादेखि आर्थिक पत्रकारिता गर्दै आएको व्यक्ति वा,
(ग) पत्रकारिता, अर्थशास्त्र वा व्यवस्थापन विषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरी कम्तीमा दुई वर्षदेखि आर्थिक पत्रकारिता गर्दै आएको व्यक्ति वा,
(घ) जुनसुकै विषयमा प्रमाणपत्र तह उतीर्ण गरी कम्तीमा तीन वर्षदेखि आर्थिक पत्रकारिता गर्दै आएको व्यक्ति
(ङ) राज्यद्वारा आरक्षण सुविधा दिइएका महिला, आदिवासी, जनजाति, दलित, मधेशी वा सीमान्तकृत समुदायका व्यक्तिले सदस्यता प्राप्त गर्न सहुलियत चाहेमा पेशागत अनुभवका सन्दर्भमा तीन महिनाको सहुलियत प्रदान गर्न सकिनेछ ।

८. सदस्यता प्रदान गर्ने विधिः
यस संस्थाको सदस्य हुन देहायबमोजिमको शुल्क लाग्नेछ ।

८.१ साधारण सदस्यता प्राप्त गर्न चाहने आर्थिक पत्रकारले नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र तथा आर्थिक पत्रकारितामा सक्रिय रहेको प्रमाणको प्रतिलिपि, पासपोर्ट साइजको २ प्रति फोटो र दफा ९ बमोजिमको शुल्क सहितको आवेदन केन्द्रीय कार्यसमितिका दुईजना पदाधिकारी वा सदस्यको सिफारिश समावेश गरी पेश गर्नुपर्नेछ ।

८.२ साधारण सदस्यता लिन चाहने व्यक्तिले संघको शाखामार्फत् पनि निवेदन दिन सक्नेछ । शाखामा प्राप्त निवेदन विधानको दफा ८.१ ऋनुसार प्रक्रिया पूरा गरे नगरेको छानबिन गरी सम्बन्धित शाखाले योग्यता पुगेको आवेदकको सदस्यता अनुमोदनका लागि केन्द्रीय कार्यसमितिमा सिफारिश गर्नुपर्नेछ । योग्यता बमोजिम सदस्य हुन नसक्नेलाई सदस्य बनाउन सिफारिश गरेको वा योग्यता हुँदाहुँदै सदस्य बन्नबाट वञ्चित गरिएको जस्ता विवादित अवस्था आएमा केन्द्रीय कार्यसमितिले शाखा उपर छानबिन गरी दफा २८ उपदफा २८.४ बमोजिम कारवाही गर्नसक्नेछ ।

८.३ साधारण सदस्यताका निम्ति शाखामार्फत् वा केन्द्रीय समितिमा सोझै आएका आवेदनलाई केन्द्रीय कार्यसमितिको मत प्राप्त गरी अध्यक्षले स्वीकृति दिन वा नदिन सक्नेछ । केन्द्रीय कार्यसमितिमा सोझै आएका निवेदनभन्दा शाखाबाट अनुमोदित निवेदनलाई बढी ग्राह्यता दिनुपर्नेछ ।

८.४ साधारण सदस्य र संस्थागत सदस्यले सदस्यता प्राप्त गरेको ६ महिना अवधि पूरा गरेपछि स्वतः महासभाको सदस्य हुनेछ ।

८.५ साधारण सदस्यता र संस्थागत सदस्यताको अवधि एक वर्षको हुनेछ । सदस्यता प्रत्येक वर्षको असार मसान्तभित्र नवीकरण गराइसक्नुपर्नेछ । नवीकरणका लागि आर्थिक पत्रकारितामा निरन्तर क्रियाशील रहेको प्रमाण पेश गर्नुपर्नेछ ।

८.६ संस्थागत सदस्यता प्राप्त गर्न चाहने संस्थाहरुले संस्थाको दर्ता प्रमाणपत्र, विधान, लेखापरीक्षण प्रतिवेदन, नवीकरण गरिएको प्रमाण, संस्थाका पदाधिकारीहरु र सदस्यहरुको विवरण सहित केन्द्रीय कार्यसमितिमा सदस्यताका लागि निवेदन दिनुपर्नेछ । त्यसरी प्राप्त निवेदनमाथि छानबिन गरी केन्द्रीय कार्यसमितिले संस्थागत सदस्यता दिन वा नदिन सक्नेछ ।

८.७ विधानको दफा ६ उपदफा ६.४ बमोजिम प्राप्त मानार्थ सदस्यता संघको केन्द्रीय कार्यसमितिले समाप्त गर्ने निर्णय नगर्दासम्म कायम रहनेछ ।

९.सदस्यता शुल्क :

९.१ संस्थाको विधानको दफा ८ बमोजिम विधि पूरा गरी सदस्यता लिनका लागि देहाय बमोजिमको सदस्यता शुल्क लाग्नेछ ।

(क) साधारण सदस्यता शुल्क वार्षिक रु. २००/- हुनेछ तर नया सदस्यले प्रवेश शुल्क रु. १००/- पनि साथमै बुझाउनुपर्नेछ ।

(ख)संस्थागत सदस्य संस्थाको हकमा सो संस्थाकातर्फबाट प्रतिनिधित्व गर्ने साधारण सदस्यको संख्याका आधारमा उपदफा ९.१(क) बमोजिमको सदस्यता शुल्क बुझाउनुपर्नेछ ।

(ग) आजीवन सदस्यता शुल्क एकमुष्ठ रु. ५,०००/- लाग्नेछ ।

(घ) मानार्थ र आजीवन सदस्य बाहेकका सदस्यहरुले प्रत्येक वर्षको असार मसान्तभित्र सदस्यता नवीकरण गराइसक्नुपर्नेछ नभए अर्को असार मसान्तसम्म दोब्बर शुल्क बुझाएर नवीकरण गराउन सकिनेछ तर त्यस अवधिमा पनि सदस्यता नवीकरण नगराए सदस्यता स्वतः खारेज हुनेछ ।

१०. सदस्यताको समाप्ति :

देहायको अवस्थामा कुनै पनि सदस्यलाई प्राप्त संघको सदस्यता स्वतः समाप्त हुनेछ ।

(क) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा

(ख) दफा ९ उपदफा ९.१ खण्ड घ बमोजिम सदस्यता नवीकरण नगराएमा

(ग) सार्वजनिक सम्पत्तिको दुरुपयोग गरेको अभियोग ठहरिएमा

(घ) नैतिक पतन देखिने फौजदारी अभियोग प्रमाणित भएमा

(ङ) संघको उद्देश्य विपरीत कार्य गरेको भन्ने विषयमा विधानको दफा २८ उपदफा २८.४ बमोजिम छानबिनका क्रममा पुष्टि भई केन्द्रीय कार्यसमितिले कारवाही गरेमा वा संस्थागत सदस्यले यस संघको विधान र उद्धेश्य विपरीत काम गरेको प्रमाणित भई केन्द्रीय कार्यसमितिले त्यस्तो सदस्यता सोही दफा र उपदफा बमोजिम खारेज गरेमा

(च) आर्थिक पत्रकारिताको पेशा परित्याग वा परिवर्तन गरेमा

(छ) मानसिक सन्तुलन गुमाएमा

(ज) नेपाली नागरिक नरहेमा, तर मानार्थ सदस्यको हकमा यो नियम लागू हुनेछैन

(झ) मृत्यु भएमा

११. सदस्यको अधिकार

मानार्थ सदस्य बाहेकका सदस्यहरुले विधान बमोजिम संघको विभिन्न तहका निर्वाचनमा उम्मेदवार हुन वा मतदान गर्न पाउनेछन् तर महासभामा मतदानका लागि महासभाको सदस्य भएको हुनुपर्दछ । तर निर्वाचन हुने मितिभन्दा अगावै सदस्यहरु केन्द्रीय कार्यसमितिबाट अनुमोदित भइसकेको हुनुपर्नेछ ।

## **परिच्छेद ४**
## महासभा

१२ महासभाको गठनः

महासभा संघको सर्वोच्च निकाय हुनेछ जसको गठन विधानको दफा ६ उपदफा ६.१ बमोजिमको साधारण सदस्यता वा उपदफा ६.३ अन्तर्गतको संस्थागत सदस्यता प्राप्त गरी ६ महिना अवधि पूरा गरेका सदस्यहरु र विधानको दफा ६ उपदफा ६.२ बमोजिमका संस्थापक सदस्यहरुको सहभागितामा हुनेछ ।

१२.१महासभा देहायबमोजिम हुनेछ ।

(क) वार्षिक महासभाः यो वर्षको एकपटक अनिवार्य रुपमा बस्ने महासभाको बैठक हो ।

(ख) विशेष महासभाः संस्थाका कुल एक तिहाई सदस्यले स्पष्ट कारण जनाई लिखित माग गरी बस्ने महासभालाई विशेष महासभा भनिनेछ । यस्तो महासभा कम्तीमा एक तिहाई सदस्यले माग गरेको ४५ दिनभित्र केन्द्रीय कार्यसमितिले अनिवार्य रुपमा बोलाउनु पर्नेछ । तर, महासभा वा विशेष महासभा सम्पन्न भएको ६ महिनाभित्र पुनः विशेष महासभा बस्न सक्नेछैन ।

(ग) महाधिवेशनः हरेक दुई वर्षमा हुने महासभाको बैठक नै महाधिवेशन हुनेछ । एक महाधिवेशन र अर्को महाधिवेशनको बीचमा एकपटक वार्षिक महासभा हुनेछ । तर विधानको दफा ३६ उपदफा ३६.१ बमोजिम गठन हुने पहिलो निर्वाचित केन्द्रीय कार्यसमितिले तीन वर्ष अवधिपछि मात्रै महाधिवेशन आयोजना गर्नेछ ।

१२.२ महासभा बैठकको गुणपुरक संख्या ५१ प्रतिशत हुनुपर्नेछ । तर, महासभा हुने तोकिएको पहिलो मितिमा गणपूरक संख्या नपुगेमा, कम्तीमा ३ दिनको सूचना दिई अर्को महासभा बोलाउन सकिनेछ । यसरी बोलाइएको महासभामा कुल महासभा सदस्यको ३३ प्रतिशत उपस्थिति हुनुपर्नेछ । तर दोस्रो पटक पनि गणपूरक संख्या नपुगी तेस्रोपटक महासभा बोलाउनुपर्ने अवस्था आएमा कम्तीमा १५ दिनको सूचना दिई महासभा बोलाउनुपर्नेछ । यस्तो महासभामा उपस्थित महासभा सदस्य संख्यालाई नै गणपुरक संख्या मानिनेछ ।

१२.३ विशेष महासभाको वैठकको गुणपुरक संख्या तत्काल रहेको महासभा सदस्यको दुई तिहाई हुनेछ । तर, महासभा हुने तोकिएको पहिलो मितिमा गणपूरक संख्या नपुगेमा, कम्तीमा १ दिनको सूचना दिई अर्को विशेष महासभा बोलाउन सकिनेछ । यसरी बोलाइएको विशेष महासभामा कुल महासभा सदस्यको ५१ प्रतिशत उपस्थिति हुनुपर्नेछ । तर दोस्रो पटक पनि गणपूरक संख्या नपुगी तेस्रोपटक विशेष महासभा बोलाउनुपर्ने अवस्था आएमा कम्तीमा ३ दिनको सूचना दिई विशेष महासभा बोलाउनुपर्नेछ । यस्तो विशेष महासभामा उपस्थित महासभा सदस्य संख्यालाई नै गणपुरक संख्या मानिनेछ ।

१२.४ महासभा वा विशेष महासभामा उपस्थित महासभा सदस्यको बहुमतद्वारा गरिएको निर्णय कार्यान्वयन गर्न केन्द्रीय कार्यसमिति बाध्य हुनेछ ।

१२.५ महासभाको निर्णय पुस्तिकामा अध्यक्ष, महासचिव तथा महासभाले तोकेको कम्तीमा दुई जना महासभा सदस्यले हस्ताक्षर गरी प्रमाणित गरेको मूल अभिलेख नै संघको निर्णय मानिनेछ । केन्द्रीय कार्यसमितिले आफूले पेश गर्नुपर्ने र महासभा सदस्यहरुबाट प्राप्त प्रस्तावहरु अध्ययन गरी महासभामा प्रस्तुत गर्नुपर्नेछ । संघको अध्यक्षले महासभाको अध्यक्षता गर्नेछ ।

१२.६ यस संघको स्थापना भएको मितिले ६ महिनाभित्र प्रथम वार्षिक महासभा आयोजना गरिनेछ र त्यसपछिका वार्षिक महासभाहरु आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र गरिनेछ ।

१३. महासभाको सूचनाः

१३.१ म्हासभा बस्ने मिति र स्थान तोकी दफा १२ उपदफा १२.२ वा उपदफा १२.३ अनुरुपको म्याद राखी सूचना महासभा सदस्यहरुलाई पठाउनुपर्नेछ ।

१३.२ यस्तो सूचना पठाउँदा महासभामा छलफल हुने विषय, प्रस्तावको सूची समेत पठाउनुपर्नेछ ।

१४. महासभाको काम, कर्तव्य तथा अधिकारः

(क) केन्द्रीय कार्यसमितिको पदाधिकारी र सदस्यहरुको निर्वाचन गर्नु

(ख) संघको लेखापरीक्षणको वार्षिक हिसाब लिनु र स्वीकृत गर्नु

(ग) केन्द्रीय कार्यसमितिले गरेको कामको वार्षिक प्रतिवेदन ग्रहण, मूल्यांकन र स्वीकृत गर्नु

(घ) केन्द्रीय कार्यसमितिबाट प्रस्तुत भएका अन्य प्रस्तावहरुमामा विचारविमर्श पश्चात सुझाव दिनु वा निर्णय दिनु ।

(ङ) महासभाले छलफल गर्न मन्जुर गरेका अन्य विषयमा छलफल गर्नु तथा निर्णय दिनु ।

(च) संघको विधान, रणनीति, नीति तथा कार्यक्रममा समायानुकूल सुधार, परिमार्जन र सुदृढीकरण गर्नु

(छ) केन्द्रीय कार्यसमितिलाई संघको नीति तथा कार्यक्रम पूरा गर्न मार्गदर्शन गर्नु तथा केन्द्रीय कार्यसमितिका तर्फबाट महासचिवले प्रस्तुत गर्ने नीति तथा कार्यक्रम सम्बन्धी प्रतिवेदन र कोषाध्यक्षले प्रस्तुत गर्ने आय व्ययको विवरण सम्बन्धी प्रतिवेदनको अन्तिम सुनुवाइ गरी अनुमोदन गर्नु ।

## परिच्छेद ५
### केन्द्रीय कार्यसमिति

१५.	केन्द्रीय कार्यसमितिको गठनः

१५.१	संघको उद्धेश्य प्राप्तिका निम्ति नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न महासभाका सदस्यहरुबाट देहायका पदाधिकारीहरु रहेको ११ सदस्यीय केन्द्रीय कार्यसमिति गठन गरिनेछ । तर केन्द्रीय कार्यसमितिको रायमा अध्यक्षले महासभाका सदस्यहरु मध्येबाट सामान्यतया राज्यद्वारा आरक्षण दिइएका समूहहरु महिला, आदिवासी, जनजाति, दलित, मधेसी, सीमान्तकृत समुदाय एवम् विभिन्न सञ्चार माध्यमको विधागत समावेशी प्रतिनिधित्व हुनेगरी दुईजनालाई सदस्यमा मनोनित गर्नेछ ।  जसमध्ये एक जना सदस्यमा निवर्तमान अध्यक्ष स्वतः मनोनित हुनेछ । निवर्तमान अध्यक्ष नरहँदाको हकमा अध्यक्षले केन्द्रीय कार्यसमितिको रायमा अर्को कुनै महासभा सदस्यलाई मनोनित गर्नसक्नेछ । मनोनित सहित ११ सदस्यीय केन्द्रीय कार्यसमिति हुनेछ । जसमा अध्यक्ष एक, उपाध्यक्ष दुई, महासचिव एक, सचिव एक, सहसचिव एक, कोषाध्यक्ष एक र दुईजना सदस्य महासभा सदस्यहरुको बहुमतबाट चयन हुनेछ । बाँकी दुई जना सदस्यको मनोनयन गर्दा उम्मेदवार भई पराजित भएकालाई मनोनयन गरिनेछैन ।

१५.२	विधानको दफा ३६ उपदफा ३६.१ बमोजिम गठन हुने पहिलो निर्वाचित केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यको पदावधि ३ वर्षको हुनेछ तर दोश्रोपटकको निर्वाचनपछिका केन्द्रीय कार्यसमितिको पदाधिकारी र सदस्यको पदावधि २ वर्षको हुनेछ । विशेष अवस्थामा केन्द्रीय कार्यसमितिको पदाधिकारी र सदस्यहरुको कम्तीमा दुई तिहाइ संख्याको निर्णयको आधारमा कार्यसमितिको एक कार्यकालमा ६ महिना अवधि थप गर्न सकिनेछ तर एक पटकभन्दा बढी यसरी अवधि थप गर्न पाइने छैन । केन्द्रीय कार्यसमितिमा मनोनित सदस्यहरुको पदावधि केन्द्रीय कार्यसमितिको पदावधि रहेसम्म कायम रहनेछ । संघको जुनसुकै तहका पदाधिकारीहरु लगातार एक पटकभन्दा बढी सोही पदका लागि उम्मेदवार हुन पाउने छैनन् ।

१५.३	केन्द्रीय कार्यसमितिको अध्यक्षको निर्वाचनमा उम्मेदवार हुन कम्तीमा ७ वर्ष, अन्य पदाधिकारीको निर्वाचनमा उम्मदेवार हुन कम्तीमा ५ वर्ष र कार्यसमितिको सदस्य पदको निवाृचनमा उम्मेदवार हुन कम्तीमा ३ वर्ष संघको साधारण सदस्य भएको हुनुपर्नेछ । तर संस्थापक सदस्यको हकमा यो व्यवस्था लागु हुनेछैन ।

१५.४	महासभा अगावै केन्द्रीय कार्यसमितिका कुनै सदस्यको पद रिक्त भएमा बाँकी अवधिका लागि केन्द्रीय कार्यसमितिले सदस्यको मतको आधारमा अध्यक्षले मनोनयन गर्नेछ ।

१५.५	अध्यक्षको निर्देशनमा महासचिवले केन्द्रीय कार्यसमितिले वैठक बोलाउने छ । नियमित बैठक कम्तीमा एक महिनामा दुई पटक बस्नेछ । तर केन्द्रीय कार्यसमितिको पदाधिकारी र सदस्यहरुको ५१ प्रतिशत संख्याले माग गरेमा अध्यक्षले केन्द्रीय कार्यसमितिको वैठक तत्कालै बोलनउनुपर्नेछ ।

१५.६	केन्द्रीय कार्यसमितिको बैठकका लागि ५१ प्रतिशत सदस्य संख्या गणपुरक संख्या हुनेछ ।

१५.७	केन्द्रीय कार्यसमितिको बैठकको अध्यक्षता सामान्यतया अध्यक्षले, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्षको पनि अनुपस्थितिमा जेष्ठ सदस्यले वा तोकिएको पदाधिकारीले गर्नेछ ।

१५.८	केन्द्रीय कार्यसमितिको बैठकमा सामान्य बहुमतको आधारमा निर्णय गरिनेछ भने उपस्थित पदाधिकारी तथा सदस्यहरुको सही राखिनेछ । केन्द्रीय कार्यसमितिको बैठकमा भएका छलफल र उपस्थित पदाधिकारीको सही राखिनेछ र निर्णयमा असहमत हुनेले स्पष्ट कारण खुलाई असहमति जनाउन सक्नेछ ।

१५.९	माथि जुनसुकै कुरा लेखिए पनि केन्द्रीय कार्यसमितिले गर्ने कुनै कामका सम्बन्धमा सबै पदाधिकारी र सदस्यहरु सहमत भई त्यस्तो कार्य गर्ने कसैलाई जिम्मा दिने लिखित निर्णय भए उक्त पदाधिकारी वा सदस्यले गरेको निर्णयलाई केन्द्रीय कार्यसमितिले गरेको निर्णय मानिनेछ ।

१६.	केन्द्रीय कार्यसमितिको काम, कर्तव्य तथा अधिकार :

(क)	संघको उद्धेश्य प्राप्तिका लागि अग्रसर रहने

(ख)	संघको आगामी वार्षिक नीति तथा कार्यक्रम एवं अनुमानित बजेट विवरण तयार गरी महासभामा पेश गर्ने ।

(ग)	विधान बमोजिम महासभाबाट भएको निर्णय कार्यान्वयन गराउने ।

(घ)	संघको वार्षिक आय व्यय विवरण तय गरी स्रोत साधन जुटाउने र वार्षिक कार्यक्रम बनाई त्यसैमार्फत् संघको हीतमा आवश्यक खर्च गर्ने ।

(ङ)	आवश्यकता अनुसार संघको संरक्षक, सल्लाहाकार समिति, विषयगत उपसमिति र कार्यक्रम संयोजक नियुक्त गर्ने तथा ती समिति उपसमितिहरुलाई महासभाबाट अनुमोदन गराई काम कर्तव्य र अधिकार तोक्ने ।

(च)	संघको विकास, प्रवर्द्धन र उद्धेश्य पूर्तिका लागि मातहतका निकायहरुको नियमन, नियमित सुपरीवेक्षण गरी निर्देशन  दिने ।

(छ)	महा सभा आह्वान गर्ने ।

(ज)	संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्ने ।

(झ)	संघका कर्मचारीहरुको सेवा, सुविधाहरुको कर्मचारी नियमावली बनाई महासभाबाट पारित गरेर लागू गर्ने ।

(ञ)	संघको उद्देश्य पूर्तिका लागि विधानको दफा बमोजिम शाखा विस्तार गर्ने तथा शाखाहरुलाई कामको जिम्मेवारि दिने तथा संघको हीत विपरीत काम गरेको उजुरी प्राप्त भएमा विधानको दफा बमोजिम कारावाही अघि बढाउने ।

(ट)	संघको नेतृत्वदायी भूमिका निर्वाह गर्ने तथा उत्तरदायित्व वहन गर्ने ।

(ठ)	विधानले तोकेको अन्य काम गर्ने ।

१७.	पदत्यागको व्यवस्था : अध्यक्षले उपाध्यक्षमार्फत् केन्द्रीय कार्यसमिति समक्ष, उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिई स्वेच्छाले पद त्याग गर्न सक्नेछन् । सदस्य तथा मनोनित सदस्य रहेका निवर्तमान अध्यक्षले अध्यक्ष समक्ष राजीनामा दिई स्वेच्छाले पद त्याग गर्न सक्नेछन् । तर राजीनामा स्वीकृत नभएको अवस्थामा पद त्याग गर्न सकिने छैन । राजीनामा स्वीकृत नगरिएको अवस्थामा पद त्याग गर्न चाहने पदाधिकारी वा सदस्यलाई के कति कारणले राजीनामा स्वीकृत गर्न नसकिएको हो भन्ने विषयमा समबन्धित निकायले जानकारी दिनुपर्नेछ । साथै राजीनामा स्वीकृत नभएको पदाधिकारी वा सदस्यले पदत्याग गर्ने मनसाय यथावत राखे वैकल्पिक व्यवस्था गरी १ महिना भित्र निजको राजीनामा स्वीकृत गर्नुपर्नेछ ।

१८.	शाखा गठनः

१८.१	यस विधानको अधीनमा रहेर संघको काम कारवाहीलाई विस्तार गर्नका लागि कुनै पनि जिल्ला, क्षेत्र वा सञ्चार प्रतिष्ठानमा कार्यरत ५ वा सोभन्दा बढी सक्रिय आर्थिक पत्रकारहरु संघको साधारण सदस्य भई शाखा गठन गर्न सक्नेछन् । जिल्ला तहमा गठन गरिने शाखालाई जिल्ला शाखा, दुई वा बढी जिल्लालाई समेटी गठन हुने शाखालाई क्षेत्रीय शाखा तथा सञ्चार प्रतिष्ठानमा गठन हुने शाखालाई प्रतिष्ठान शाखा भनिनेछ ।

१८.२ शाखाको निर्वाचन हुनुअघि केन्द्रीय कार्यसमितिले सदस्यता अनुमोदन गरी तदर्थ समितिको मान्यता दिनेछ । तदर्थ समितिले १५ दिन भित्र निर्वाचन गरी शाखाको कार्यसमिति चयन गर्नेछ ।

१९. केन्द्रीय कार्यसमितिको उत्तरदायित्व :
केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यहरु सामूहिक र व्यक्तिगत रुपले महासभा तथा महासभा सदस्यहरु सम्पूर्ण सदस्यप्रति उत्तरदायी हुनेछन् ।

२०. पदाधिकारीको काम, कर्तव्य र अधिकार:
२०.१ अध्यक्षको काम, कर्तव्य र अधिकार:

(क) संघको अध्यक्षले संघको प्रमुख कार्यकारिणीको हैसियतमा संघलाई नीतिगत र सांगठनिक नेतृत्व प्रदान गर्नेछ । संघको केन्द्रीय कार्यसमिति, महासभा, विशेष महासभा लगायत सबै बैठक, सभा, सम्मेलनको अध्यक्षता गर्नु, ती सभा बैठकहरुमा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिनु, संघको नीति र उद्धेश्यअनुसार संघलाई क्रियाशील गर्नु, अभिलेख प्रमाणित गर्नु र संस्थाको गतिविधि विस्तार गर्नका निमित्त आवश्यक काम गर्नु अध्यक्षको कर्तव्य हुनेछ । अध्यक्षले यस विधानका अन्य दफाहरुमा तोकिएको अध्यक्षको अधिकार प्रयोग गर्नुको साथै अध्यक्षको हैसियतले गर्नुपर्ने अन्य काम गर्नेछ ।
(ख) महासभा र केन्द्रीय कार्यसमितिका निर्णयहरु कार्यान्वयन गर्ने गराउने अध्यक्षको कर्तव्य हुनेछ ।
(ग) कुनै पनि कारणले केन्द्रीय कार्यसमितिको आकस्मिक बैठक बोलाउन परेमा अध्यक्षले बोलाउन सक्नेछ । साथै महासभा, विशेष महासभा र केन्द्रीय कार्यसमितिको समय समयमा हुने बैठक बोलाउन लगाउनु अध्यक्षको कर्तव्य हुनेछ ।
(घ) अध्यक्षले संघको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने तथा अन्य पदाधिकारी एवं सदस्यहरुको काम बाँडफाँड गर्नेछ ।
(ङ) अध्यक्षलाई संस्थाको हित हुने कार्यमा अधिकतम मासिक रु. २०००।- (दुई हजार) मात्र खर्च गर्ने अधिकार रहनेछ ।

२०.२ उपाध्यक्षको काम, कर्तव्य र अधिकार:

(क) अध्यक्षलाई संघको काममा सहयोग गर्नु, अध्यक्षले दिएको संघको जिम्मेवारी पूरा गर्नु तथा अध्यक्षको अनुपस्थितिमा अध्यक्षद्वारा तोकिएको काम गर्नु उपाध्यक्षको कर्तव्य हुनेछ ।
(ख) अध्यक्षलाई काम, कर्तव्य पालनाका क्रममा उपाध्यक्षले आवश्यक सुझाव दिनेछ ।
(ग) अध्यक्षले प्रत्यायोजन गरेको कुनै अधिकार प्रयोग गर्ने उपाध्यक्षको अधिकार रहनेछ ।
(घ) अध्यक्ष कुनै कारणले उपस्थित हुन नसकेको अवस्थामा तत्कालै केन्द्रीय कार्यसमितिको बैठक आयोजना गर्नुपरेको खण्डमा अध्यक्षको स्वीकृति लिई बैठकको अध्यक्षता गर्नु उपाध्यक्षको अधिकार रहनेछ ।
(ङ) अध्यक्ष कुनै कारणले काम गर्न असमर्थ भएमा वा निजको पद रिक्त भएमा केन्द्रीय कार्यसमितिको अनुमोदन पछि उपाध्यक्षले कार्यवाहक अध्यक्षको रूपमा अध्यक्षले पालना गर्दै आएको कर्तव्य पूरा गरी अध्यक्षले प्रयोग गर्दै आएको अधिकार प्रयोग गर्नेछ ।

२०.३ महासचिवको काम, कर्तव्य र अधिकार:

(क) अध्यक्षसँग परामर्श गरी महासचिवले तोकिएको मितिमा केन्द्रीय कार्यसमितिको वैठक र महासभा बोलाउनु, अध्यक्षले दिएको संघको जिम्मेवारी पूरा गर्नु तथा अध्यक्षलाई महासभा र केन्द्रीय कार्यसमितिका निर्णय कार्यान्वयनमा सघाउनु महासचिवको जिम्मेवारी हुनेछ ।

(ख) महासचिवले अध्यक्षद्वारा तोकिएको कर्तव्य पालना तथा प्रत्यायोजित अधिकार प्रयोग गरी संघको उद्धेश्य प्राप्तिका लागि काम गर्नुपर्नेछ ।

(ग) केन्द्रीय कार्यसमितिकातर्फबाट प्रतिवेदन पेश गर्ने महासचिवको अधिकार हुनेछ ।

(घ) महासभा, विशेष महासभा र केन्द्रीय कार्यसमितिका लिखित कागजातहरुको अभिलेख तयार गर्ने तथा संघको दैनिक प्रशासन सञ्चालन गर्ने गराउने महासचिवको कर्तव्य हुनेछ ।

(ङ) विधानले तोकेबमोजिम अन्य काम गर्ने महासचिवको अधिकार रहनेछ ।

२०.४ सचिवको काम, कर्तव्य र अधिकार:

(क) अध्यक्ष र महासचिवलाई संघको काममा सहयोग गर्नु, अध्यक्षले दिएको संघको जिम्मेवारी पूरा गर्नु सचिवको कर्तव्य हुनेछ ।

(ख) संस्थाको सम्पन्न योजनाको अभिलेख दुरुस्त राख्ने तथा महासभा, विशेष महासभा र केन्द्रीय कार्यसमितिका लिखित कागजातहरुको अभिलेख सुरक्षित राख्ने सचिवको जिम्मेवारी हुनेछ ।

(ग) अध्यक्षको स्वीकृति लिई संघको लेखा परीक्षण गराउने तथा कार्यालयीय कामको रेखदेख गर्ने जिम्मा सचिवलाई हुनेछ । यस्तै संघका सबै सदस्यहरुको अभिलेख राख्ने जिम्मा सचिवले पूरा गर्नुपर्नेछ ।

(घ) महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने सम्पूर्ण काम सचिवले गर्नेछ ।

(ङ) संघको उद्धेश्य पूरा गर्न विधानले तोकेबमोजिम अन्य काम गर्ने सचिवको अधिकार रहनेछ ।

२०.४ सहसचिवको काम, कर्तव्य र अधिकार:

(क) सचिवको अनुपस्थितिमा निजले गर्दै आएको सम्पूर्ण काम गर्ने अधिकार सहसचिवलाई हुनेछ ।

(ख) संघको उद्धेश्य पूरा गर्न विधानले तोके बमोजिम अन्य काम गर्ने सहसचिवको अधिकार रहनेछ ।

२०.५ कोषाध्यक्षको काम, कर्तव्य र अधिकार:

(क) संघको वार्षिक आर्थिक कार्यक्रम तयार गर्ने तथा आर्थिक स्रोत पहिचान, व्यवस्थापन र परिचालन गर्ने ।

(ख) संघको कोष तथा लेखासम्बन्धी सम्पूर्ण दायित्व वहन गर्ने ।

(ग) संघको आय व्ययको हिसाब दुरुस्त राख्ने ।

(घ) संघको जिन्सी सामानको लगत राख्ने तथा संघले असुल गर्नुपर्ने रकम असुल उपर गर्ने, गराउने ।

(घ) संघको आर्थिक कारबाहीको लेखापरीक्षण, सुपरीवेक्षण र अनुगमन गर्ने ।

(ङ) संघको उद्देश्य पूरा गर्न निरन्तर क्रियाशील रहने ।

२०.६ सदस्यहरुको काम, कर्तव्य र अधिकार:

(क) केन्द्रीय कार्यसमितिका सदस्यहरुले सो समितिको बैठकको निर्णयअनुसार आफूलाई सुम्पिएको जिम्मेवारी पूरा गर्नुपर्नेछ ।

(ख) अध्यक्षको परामर्शमा आह्वान गरिएका बैठकहरुमा उपस्थित भई आफ्नो विचार राख्ने र निर्णय प्रक्रियामा सामेल हुने सदस्यहरुको अधिकार रहनेछ ।

(ग) संघको उद्धेश्य पूरा गर्न विधानले तोके बमोजिम अन्य काम गर्ने सदस्यहरुको अधिकार रहनेछ ।

२१. पदपूर्तिः

केन्द्रीय कार्यसमितिको कुनै पदाधिकारी वा सदस्य पद कुनै कारणबाट रिक्त हुन आएमा तत्काल कायम रहेको कार्यसमितिको मतका आधारमा अध्यक्षले मनोनयनको माध्यमद्वारा पदपूर्ति गर्न सक्नेछ ।

## परिच्छेद ६

## आर्थिक व्यवस्थापन

२२. कोषः

२२.१ संस्थाको आफ्नै छुट्टै कोष रहनेछ । कोषमा अन्तर्राष्ट्रिय सहयोगका लागि अर्थमन्त्रालयको स्वीकृति लिइनेछ । कोषमा देहायबमोजिमको स्रोतबाट प्राप्त आम्दानी रहनेछ ।

(क) सदस्यता शुल्क र अन्य शुल्क वापत आएको रकम ।

(ख) नेपाल सरकार, कुनै संस्था वा अन्तर्राष्ट्रिय निकायबाट प्राप्त भएको सहायता रकम ।

(ग) संघको कोषको वृद्धिको लागि गरिएका कार्यक्रमबाट प्राप्त हुने रकम ।

(घ) संघलाई प्राप्त दान, चन्दा, पुरस्कार र सहायताका अन्य रकम

(ङ) संघले उठाएको शुल्क तथा आर्जित रकम

२३. कोषको सञ्चालनः

संघमा प्राप्त रकमको सञ्चालन देहायको कार्यविधि अन्तर्गत रही गरिनेछ ।

(क) कुनै वाणिज्य बैंक, विकास बैंक वा वित्तीय संस्थामा खाता खोली रकमको सञ्चालन गरिनेछ ।

(ख) बैंकको खाता अध्यक्ष )अनिवार्य), महासचिव (अनिवार्य) र कोषाध्यक्ष (अनिवार्य) तीन जनाको दस्तखतबाट सञ्चालन गरिनेछ ।

(ग) भैपरी आउने कार्यका लागि तोकेअनुसारको रकम कोषाध्यक्षको जिम्मामा रहनेछ ।

(घ) मान्यताप्राप्त लेखापरीक्षणद्वारा प्रत्येक वर्ष संघको लेखा परीक्षण गराइनेछ ।

२४. संस्थाको लेखा र लेखापरीक्षणः

(क) संघको आय व्ययको लेखा प्रचलित कानुनबमोजिम स्पष्ट तवरले राखिने छ ।

(ख) संघको आय व्ययको लेखापरीक्षण कानुनबमोजिम रजिष्टर्ड लेखापरीक्षणबाट गराइनेछ ।

(ग) लेखापरीक्षकको नियुक्ति महासभाबाट हुनेछ तर प्रथम वार्षिकमहासभा नभएसम्म लेखापरीक्षकको नियुक्ति कार्यसमितिले गर्नेछ ।

(घ) संस्थाको लेखापरीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदनको एक/एक प्रति स्थानीय अधिकारी, समाजकल्याण परिषद्, स्थानीय निकाय र सम्बन्धित निकायमा अनिवार्य रुपमा पेश गरिनेछ ।

## परिच्छेद ७
## निर्वाचन

२५.	निर्वाचन समितिको व्यवस्था:

(क)	केन्द्रीय कार्यसमितिको निर्वाचनका लागि बढीमा तीनजनाको एक निर्वाचन समिति विद्यमान केन्द्रीय कार्यसमितिद्वारा बनाइनेछ ।

(ख)	निर्वाचन समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । निर्वाचन समितिले प्रचलित कानुनको अधीनमा रहेर निर्वाचन कार्यविधि तय गर्नेछ ।

(ग)	निर्वाचनसम्बन्धी विवाद उत्पन्न भएमा निर्वाचन समितिले गर्ने निर्णय नै अन्तिम निर्णय हुनेछ ।

(घ)	निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समिति आफैं भंग हुनेछ ।

२६.	उम्मेदवार मनोनयन दर्ता गर्न प्रारम्भिक योग्यता

उम्मदेवारी मनोनयन दर्ता गर्नका लागि कुनै पनि दुईजना महासभा सदस्यको समर्थन भएको हुनुपर्नेछ ।

## परिच्छेद ८
## अनुशासन, कारवाही र अविश्वासको प्रस्ताव

२७.मार्गदर्शक विधान:

यो विधान सदस्यका लागि मार्गदर्शक हुनेछ । यस विधानको सम्मान गर्नु र संघको निर्देशन परामर्श स्वीकार गर्नु सदस्यको कर्तव्य हुनेछ ।

२८.अनुशासन र कारवाही:

२८.१पत्रकारिताको मूल्य मान्यता, अचारसंहिता र आदर्श पालना गर्नु हरेक सदस्यको कर्तव्य हुनेछ ।

२८.२ संघको गोपनियता पालना गर्नु र संघको आन्तरिक मामलामा सार्वजनिक बहस नगर्नु सबै सदस्यको अनुशासन हुनेछ ।

२८.३ संघको कुनै पनि सदस्यले अर्को कुनै सदस्यलाई व्यक्तिगत सार्वजनिक रुपमा आक्षेप लगाउनुलाई जायज मानिनेछैन । तर संघको नीति र हीत विपरीत कुनै सदस्यले गरेको क्रियाकलापबारे केन्द्रीय कार्यसमितिमा लिखित उजुरी दिन सकिनेछ ।

२८.४ संघले निर्धारण गरेको नीति, व्यावसायिक आचारसंहिता र मार्गदर्शनलाई केन्द्रीय कार्यसमितिले अनुगमन गर्नेछ भने संघको नीति र हीत विपरीत काम गरेको सम्बन्धमा परेको उजुरीबारे तथ्य, प्रमाणका आधारमा छानबिन गर्न केन्द्रीय कार्यसमितिले आरोपित बाहेकका कम्तीमा दुई जना केन्द्रीय कार्यसमितिका पदाधिकारी वा सदस्य तथा एक महासभा सदस्य सम्मिलित एक छानबिन समिति गठन गर्नेछ । कम्तीमा १५ दिनको अवधि रहने सो छानबिन समितिले उजुरी परेको सदस्यका सम्बन्धमा तथ्य प्रमाणका आधारमा छानबिन गरी बुझाएको प्रतिवेदनको आधारमा केन्द्रीय कार्यसमितिको मत लिई अध्यक्ष वा अध्यक्षद्वारा अधिकार प्रत्यायोजित गरिएको पदाधिकारीले आरोपित सदस्यसँग स्पष्टीकरण सोध्ने, निलम्बन गर्ने वा सदस्यता खारेज गर्ने सम्मको निर्णय गर्न सक्नेछ । तर कुनै पनि कारवाहीको निर्णय लिनु अघि प्राकृतिक न्यायको सिद्धान्त बमोजिम आरोपितलाई सफाइको मौका अनिवार्य रुपमा दिइनेछ ।

२८.५ संघको बैठकमा लगातार तीन पटकसम्म विना कुनै सूचना अनुपस्थित भएमा केन्द्रीय कार्यसमितिको निर्णयबाट त्यस्ता केन्द्रीय कार्यसमितिका पदाधिकारी वा सदस्यको पद रिक्त गराउन सकिनेछ तर त्यस्तो निर्णय गर्नु अघि केन्द्रीय कार्यसमितिले त्यस्ता पदाधिकारी वा सदस्य सम्पर्कमा आएमा न्यायको सिद्धान्त बमोजिम सफाइको मौका भने दिनुपर्नेछ ।

२९.अविश्वासको प्रस्तावः

२९.१ केन्द्रीय कार्यसमिति वा केन्द्रीय कार्यसमितिका कुनै पनि पदाधिकारी वा सदस्य विरुद्ध विश्वास छैन भनी अविश्वासको प्रस्ताव पेश गर्न चाहेमा ३३ प्रतिशत महासभा सदस्यहरुले लिखित रुपमा कार्यसमिति समक्ष निवेदन गर्न सक्नेछ । उक्त निवेदन उपर दफा १२ को उपदफा १२.१ खण्ड 'ख' अनुसार विशेष महासभा आह्वान गरिनेछ । तर अविश्वासको प्रस्ताव पेश गर्न माग गरिएको विशेष महासभा अध्यक्षले आह्वान नगरेमा त्यस अवस्थामा केन्द्रीय कार्यसमितिको अन्य कुनै पदाधिकारी वा सदस्यले पनि बहुमतका आधारमा अविश्वासको प्रस्ताव पेश गर्ने विशेष महासभा आह्वान गर्न सक्नेछ ।

२९.२ अविश्वासको प्रस्तावका लागि बोलाइएको विशेष महासभामा सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ सदस्यको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ । अविश्वासको प्रस्तावका लागि बोलाइएको विशेष महासभामा पहिलो पटक गणपूरक संख्या नपुगेको खण्डमा पूनः एकपटक ३ दिनको म्याद राखी विशेष महासभा बोलाउनुपर्नेछ । दोश्रो पटक पनि दुई तिहाइ सदस्य संख्यालाई नै गणपूरक संख्या मानिनेछ । दोश्रो पटक पनि गणपूरक संख्या नपुगेको खण्डमा अविश्वासको प्रस्ताव बदर हुनेछ ।

२९.३ अविश्वासको प्रस्तावमाथि छलफल गर्न बोलाइएको विशेष सभा गणपूरक संख्याको उपस्थितिमा सञ्चालन हुँदाखेरि उपस्थित सदस्यहरु मध्ये दुई तिहाई सदस्यहरुले प्रस्तावको पक्षमा समर्थन गरेमा केन्द्रीय कार्य समिति वा केन्द्रीय कार्यसमितिका पदाधिकारी, सदस्यहरु निष्कासित हुनेछन् ।

२९.४ माथि उल्लेखित दफा २९ को उपदफा २९.३ बमोजिम कार्यसमितिको विरुद्धमा प्रस्ताव स्वीकृत भएमा, स्वीकृत भएको लगत्तै कार्यसमिति खारेज हुनेछ र संघको कार्य सञ्चालनका लागि सोही विशेष महासभाले ११ जनाको एउटा अस्थायी समिति गठन गरी १ महिनाको अवधिमा नयाँ केन्द्रीय कार्यसमितिको निर्वाचन गराउनेछ ।

## परिच्छेद ६
## विविध

३०.विधानको संशोधन

३०. १ महासभाको एक तिहाई सदस्यहरुले लिखित रुपमा विशेष प्रस्ताव स्वरुप संशोधन दर्ता गर्न सक्नेछन् र सो प्रस्तावबारे केन्द्रीय कार्यसमितिले महासभा हुनुभन्दा कम्तीमा ३५ दिन अगाडि लिखित सूचना प्रेषित गर्नेछ ।

३०.२ प्रस्तावित संशोधन महासभामा उपस्थित सदस्यहरुको कम्तीमा दुईतिहाई मतबाट पारित भएपछि विधान संशोधन भएको मानिनेछ । संशोधन स्थानीय अधिकारीबाट स्वीकृत भएपश्चात् मात्र विधानको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ । महासभाबाट विधान संशोधनको प्रस्ताव पारित भई स्थानीय अधिकारीबाट स्वीकृत नहुँदासम्मको अवस्थामा संशोधन गरिएको दफालाई निष्क्रिय मानिनेछ र त्यस अवधिमा सो दफा अनुसार कुनै पनि कामकारवाही गर्न सकिनेछैन ।

३०.३ नियम बनाउने अधिकार : यस विधानको उद्धेश्य पूर्ति गर्न केन्द्रीय कार्यसमितिले आवश्यक नियम, विनियम, निर्देशिका बनाउन र लागु गर्न सक्नेछ ।

३१.मूल नीति

सघको विधान नै यसको मूल नीति रहनेछ । संघको कार्य समिति र सबै सदस्यहरुले यस संघको मूल नीतिको परिचालन, संरक्षण र सम्बर्द्धन गर्नु आबद्ध सबै सदस्यहरुको कर्तव्य हुनेछ ।

३२.बाधा अड्काउ फुकाउ

यस विधान कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने वा विधानको अन्तिम व्याख्या गर्ने अधिकार केन्द्रीय कार्यसमितिलाई हुनेछ ।

३३. बचाउ निष्क्रियः

३३.१ यस विधानमा उल्लेख भएका कुरा प्रचलित ऐन कानुनसित बाझिएमा बाझिएको हदसम्म निष्क्रिय हुनेछ ।

३३.२ यो विधान लागू हुनुपूर्व भएका सम्पूर्ण कारबाही यसै विधान बमोजिम भएको मानिनेछ ।

३३.३ प्रचलित ऐन कानुनको फुकुवा गरेमा निष्क्रय विधान सक्रिय गर्न सकिनेछ ।

३४ अविच्छिन्नता

नेपाल आर्थिक पत्रकार संघ एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित एवम् संगठित संस्था हुनेछ । यसले व्यक्तिसरह चलअचल सम्पत्ति प्राप्त गर्न, हस्तान्तरण गर्न र खरिद बिक्री समेत गर्न सक्नेछ । यसले कसैउपर नालिस, उजुरी गर्न र आफूमाथि परेको उजुरीको प्रतिवाद गर्न सक्नेछ ।

३५ संस्था खारेजी

संघको महासभाको कम्तीमा दुई तिहाइ बहुमतले संस्थाको खारेजीको निर्णय गरेमा प्रचलित कानून बमोजिम संस्था खारेज हुनेछ । तत्पश्चात् संघको सम्पूर्ण चल अचल सम्पत्ति र दायित्व स्वतः नेपाल सरकारको हुनेछ ।

३६.तदर्थ समिति

३६.१ यो संघ स्थापना गरी दर्ता गराउनका लागि गठित तदर्थ कार्यसमितिले ६ महिना भित्र पहिलो वार्षिक महासभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ केन्द्रीय कार्यसमितिको निर्वाचन गराउनेछ र सोको जानकारी स्थानीय अधिकारीलाई दिइने छ ।

३६.२ प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा तदर्थ कार्यसमितिले गरेका काम कारवाहीहरू यसै विधान सरह भएको मानिनेछ ।

३६.३ नेपाल आर्थिक पत्रकार संघको प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्म देहाय बमोजिमको तदर्थ कार्यसमिति रहनेछ ।

| पद | नाम | दस्तखत |
|---|---|---|
| अध्यक्ष | अमृत खरेल | |
| उपाध्यक्षः | शुकदेव चापागाईं | |
| उपाध्यक्ष | शिव बस्नेत | |
| महासचिव | नवीन तिलल्सिना | |
| सचिवः | हरि लामिछाने | |
| सहसचिवः | रमेश घिमिरे | |
| कोषाध्यक्षः | खगेन्द्र प्रसाईं | |
| सदस्यः | रामकृष्ण अधिकारी | |
| सदस्य | सन्ध्या कट्टेल | |

अनुसूची-१

विधानको दफा ३ सँग सम्बन्धित संस्थाको छाप र प्रतीकको विवरण

(क) संस्थाको प्रितीक : यस संस्थाको नाम नेपाल आर्थिक पत्रकार संघ-२०६६ अंग्रेजी भाषमा NAFIJ-2009 रहनेछ। यस संस्थाको प्रतीक निम्न बमोजिम हुनेछ।

६ वटा गोलाकारा घेरा भित्र १८ वटा ठाडो वक्ररेखा रहेको गाढा हरियो रङको ग्लोब आकारको पृष्ठभूमिमा फिका हरियो रङको नेपालको नक्सा माथि पाँच धर्के रेखाचित्र र त्यसको टुप्पामा कलमको निप आकार रहेको तथा तलपट्टि सुन्ताला रङमा अंग्रजी अक्षर एन, ए, एफ, आई, जे लेखिएको प्रतीक नेपाल आर्थिक पत्रकार संघको आधिकारिक प्रतीक हुनेछ।

(ख) केन्द्रीय कार्यसमितिको छाप : केन्द्रीय कार्यसमितिको छाप ठूलो वृत्त भित्र संस्थाको अनुसूची क बमोजिमको प्रतीक राखिएको तथा प्रतीक र बाहिरी वृत्तबीचको घेराभित्र माथिपट्टि नेपाल आर्थिक पत्रकार संघ-२०६६ र तलपट्टि अंग्रेजीमा नेपलिज एशोसियशन अफ फाइनान्सियल जर्नालिष्ट्स-२००९ लेखिएको हुनेछ।